सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक


♦ वर्ष ९ ♦ अंक १९५ ♦ २०८२ साल चैत्र ७ शनिवार ♦ 21 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## प्रधानमन्त्रीद्वारा जानकी मन्दिरमा पूजापाठ



**खबर दर्पण समाचारदाता**

**चैत्र ६ गते, बर्दिवास**

प्रधानमन्त्री सुशीला कार्की शुक्रबार जनकपुर आएर प्रसिद्ध जानकी मन्दिरको पूजापाठ गरेकी छन् ।

प्रधानमन्त्री कार्कीलाई स्वागत गर्न जानकी मन्दिरमा रातो कार्पेट बिछ्याइएको थियो । सुर्खेतबाट हेलिकप्टरमा सीधै जनकपुर आएकी प्रधानमन्त्री कार्कीले जानकी मन्दिरको गर्भगृहमा विशेष पूजापाठ गरेकी छन्। उनलाई पूजापाठमा जानकी मन्दिरका महन्त र ामतपेश्वर दास र उत्तराधिकारी महन्त रामरोशन दासले सहयोग गरेका थिए ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेलले जनकपुरको जानकी मन्दिरको पूजापाठ गरेपछि प्रधानमन्त्री कार्की हेलिकप्टरमा महोत्तरीको गौशाला प्रस्थान गर्ने बताए । गौशालामा रहेका गौशालाको निरीक्षण गर्ने कार्यक्रम छ । त्यहाँबाट उनी सीधै काठमाडौं प्रस्थान गर्नेछिन् ।

## शान्तिपूर्ण निर्वाचन सफल बनाउन योगदान दिने सुरक्षा निकायप्रति प्रधानमन्त्रीको आभार व्यक्त



**खबर दर्पण समाचारदाता**

**चैत्र ६ गते, बर्दिवास**

प्रधानमन्त्री सुशीला कार्कीले मधेश प्रदेश तथा धनुषा जिल्लामा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रदेश सरकार र सम्पूर्ण सुरक्षा निकायप्रति आभार व्यक्त गर्नुभएको छ।

आज जनकपुर विमानस्थलमा आयोजित सुरक्षा बैठकलाई सम्बोधन गर्नु हुँदै प्रधानमन्त्री कार्कीले मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो, प्रदेशका उच्च सुरक्षा अधिकारीहरू तथा धनुषाका सुरक्षा प्रमुखहरूलाई निर्वाचन सफलतापूर्वक सम्पन्न गराएकोमा धन्यवाद दिनुभयो। विभिन्न आशङ्का र चुनौतीका बीच ऐतिहासिक रूपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न गराउन प्रदेश सरकार र सुरक्षा निकायले खेलेको भूमिका सर ाहनीय रहेको उहाँले उल्लेख गर्नुभयो।

उक्त बैठकमा मधेश प्रदेश सर कारका निमित्त मुख्य सचिव कमलप्रसाद भट्टराई, मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक गोविन्द थपलिया, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद दाहाल लगायत विभिन्न सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो।

## गाईगौशालालाई उद्योगका रूपमा विकास गरी रोजगारी सिर्जनासँग जोड्नुपर्ने : प्रधानमन्त्री कार्की

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**चैत्र ६ गते, महोत्तरी**

प्रधानमन्त्री शुशीला कार्की ले महोत्तरीको गौशालास्थित गाईगौशालाको निरीक्षण गर्नुभएको छ।

अन्तरिम सरकारको प्रधानमन्त्री बनेपछि पहिलो पटक महोत्तरी पुग्नुभएकी प्रधानमन्त्री कार्कीले गौशाला नगरपालिका-३, नवराजपुरमा रहेको निगौल गाईगौशालाको अवलोकन गर्नुभएको हो।

निगौल गाईगौशालामा रहेका गाईवस्तुको दयनीय अवस्था बारे विभिन्न समयमा आवाज उठ्दै आएको सन्दर्भमा निरीक्षणपछि उहाँले श्वास हुन जुनसुकै जीवजन्तुको संरक्षण गर्नु हाम्रो कर्तव्य भएको बताउनुभयो। उहाँले गाईलाई संरक्षण गरी रोजगारीसँग जोड्न सकिने भएकाले यसलाई अवसर का रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "हिन्दु धर्ममा चरा, मुसा लगायतका सबै जीवजन्तुको पूजा गर्ने परम्परा रहेको छ। त्यसमा पनि गाईलाई आमा र लक्ष्मीमाताको रुपमा पुजिन्छ , त्यसैले गाईमाथि कुनै प्रकारको शोषण हुनु हुँदैन, यसतर्फ सबै सचेत हुनुपर्छ।"




उहाँले भारतको अमुल दुध कम्पनीको उदाहरण दिंदै गाईगौशालालाई उद्योगका रूपमा विकास गरी रोजगारी सिर्जनासँग जोड्नुपर्ने निर्देशन दिँदै उहाँले प्रतिनिधि सभा क्षेत्र नम्बर १ का निर्वाचित सांसद प्रमोद महतोलाई यहाँका सम्पूर्ण समस्या समाधानका लागि आवश्यक पहल गर्न आग्रह गर्नुभयो।

उहाँले स्थानीय सरकारलाई समेत यस् प्रति गम्भीर भएर उचित संरक्षणको सबै प्रकार को समस्या समाधानको लागि योजना बनाउन निर्देशन दिनुभयो ।

गौशालामा प्रधानमन्त्री कार्कीलाई महोत्तरी क्षेत्र नं १ का सांसद प्रमोद महतो, गौशाला नगरपालिका मेयर डा दिपेन्द्र महतो , उपमेयर रेणु महतो लगायतले फुल गुच्छा तथा खादा माला लगाएर स्वागत गर्नुभएको थियो ।

सुर्खेतबाट हेलिकप्टरमा सीधै जनकपुरधाम आइ प्रधानमन्त्री कार्कीले जानकी मन्दिरमा पूर्जा अर्चना गरी हेलिकप्टरमा नै महोत्तरीको गौशाला पुग्नु भएको थियो ।



# गगनको राजीनामा : कांग्रेसको रफ्फु

नकुल अर्याल

नेपाली कांग्रेसका दिवंगत नेता प्रदीप गिरिले एक दिन संसद् भवन परिसरमा एउटा कथा सुनाए ।

कथाअनुसार एक जना बाठो व्यक्तिले राजासँग महँगो शुल्कमा नोकरी मागेछ । औसतभन्दा सयौं गुणा पारिश्रमिक दाबी गरेपछि राजाले सोधेछन्– यति धेरै पारिश्रमिक लिएर काम चैं के गर्छौ ? ती व्यक्तिले भनेछन्– सरकारले मन लागेको गर्दा हुन्छ, बोल्दा हुन्छ । म रफ्फु गर्दिन्छु । कुरा मिलाइदिन्छु ।

राजाले पनि नोकरी दिइहालेछन् । एक दिन भलाद्मीहरूको सभामा राजाले गफ दिएछन् । 'आज शिकार खेल्न जाँदा मेरो घोडाले उ त्यो बडेमानको रुखजत्रै एक सय गजको रुख त ठ्याक्कै नाघ्यो नि', राजाले भनेछन् । भलाद्मीहरुले राजाको कुरा सुने तर विश्वास गरेनन् । गाइँगुइँ सुरु भएपछि राजाले नोकरीमा राखेको बाठो मान्छेलाई आदेश गरेछन्– मैले बोलिहालें, ल रफ्फु भर ।

राजाको आदेशपछि बाठो व्यक्तिले भन्यो- राजाले भनेको सही हो । घोडाले रुख नाघेकै हो । रुख ठाडो चैं थिएनन्, ढलेको थियो । घोडाले रुख त नाघेकै हो नि । त्यो बाठो व्यक्ति त्यस युगमा रफ्फुवालको नामले कहलियो ।



कुनैबेला स्व.प्रदीप गिरिले एमालेका नेताहरूलाई व्यंग्य गर्न सुनाएको कथा अहिले कांग्रेससँग मिल्छ । कांग्रेस प्रतिनिधिसभा निर्वाचन हारेर प्रारम्भिक समीक्षामा छन् । फागुन २१ को निर्वाचनमा कांग्रेसको हारका खबरहरू फागुन २२ मै आइसकेका थिए । सभापति गगन कुमार थापाको हारको टुंगो फागुन २४ गते लागिसकेको थियो ।

देशभरका १८ सिटमा मात्रै प्रत्यक्ष चुनाव जितेपछि सभापति थापामाथि नैतिक प्रश्न उठेकै थियो । थापा स्वयंले उपसभापति विश्वप्रकाश शर्मालाई राजीनामा दिने बताइसकेका थिए । केही दिन निकटस्थहरूसँग परामर्शपछि राजीनामा दिन गगन रोकिएकै थिए । राजीनामा नदिँदा गम्भीर नैतिक प्रश्न उठ्ने देखेपछि उनले खुसुक्क उपसभापतिलाई राजीनामा दिएको समाचार सार्वजनिक भयो । शुक्रवारको केन्द्रीय समिति बैठकमा एजेन्डाकै रूपमा प्रवेश गरेपछि सभापतिबाट थापाले राजीनामा दिएको औपचारिक पुष्टि भयो ।

एकातिर सभापति थापाले निर्वाचनमा पार्टी हारको नैतिक जिम्मेवारी लिएका छन् अर्कोतिर हारको जिम्मेवार सभापतिबाहेकलाई बनाएर राजीनामा अस्वीकृत गर्ने तयारी कांग्रेसमा सुरु भएको छ । बैठक नबस्दै उपसभापति शर्माले बैठकमा राजीनामा अस्वीकृतको प्रस्ताव लैजाने सार्वजनिक गरेका थिए ।

सभापति थापाको कुर्सी खाली राखेर सुरु भएको कांग्रेस बैठकमा निर्वाचनको प्रारम्भिक समीक्षा मात्रै गर्ने कांग्रेसको तयारी छ । किनकि पूर्ण समीक्षा सभापति गगन थापाकै उपस्थितिमा हुनेछ । त्यसअघि गगनको राजीनामा अस्वीकृत हुनेछ ।

सभापतिबाट राजीनामा दिँदा गगनले बुझाएको राजीनामा कांग्रेसले सार्वजनिक गरेको छैन । यद्यपि गगननिकट नेताहरूले सार्वजनिक गरेको विवरणअनुसार सभापतिबाट राजीनामा दिए पनि पार्टी सुधार र पुनर्निर्माणको यात्राबाट गगन अलग भएका छैनन् । उनले चुनाव लगत्तै राजीनामा दिन चाहे पनि निर्वाचनसम्बन्धी काम पूरा गर्नुपर्ने दायित्वका कारण राजीनामामा ढिलाइ भएकोसमेत उल्लेख गरेको बताइन्छ । थापाले राजीनामामा मुख्यतः मूल नेतृत्वका रूपमा आफ्नो जबाफदेहितालाई प्रधान मानेका छन् । विशेष महाधिवेशनपछि कम समयमै चुनावमा होमिनुपरेको, समयको अभाव रहेको र विशेष महाधिवेशनको ऊर्जा कार्यकर्तामा पुगे पनि मतदातामा पुऱ्याउन नसकिएको तथ्य गगन स्वयंले स्वीकार गरेका छन् ।

नैतिकता व्यक्तिको निजी मामिला हो वा संगठनको निर्णयको ? कांग्रेस केन्द्रीय समितिले यो प्रश्नको जवाफ खोज्न चाहेको देखिँदैन । कांग्रेस बैठक गगनको राजीनामामा रफ्फु लगाउन केन्द्रित छ । त्यसैले आलोचकहरूले गगनको राजीनामालाई 'नियोजित' र 'स्टन्ट' भनेका छन् । कांग्रेसभित्र गगनको राजीनामाभन्दा पहिले नै रफ्फु सुरु भएको देखिन्छ ।

'राजीनामा दिन जरुरी छैन भनियो । राजीनामा दिएर उच्च नैतिकता देखाइयो भनियो । अब राजीनामा अस्वीकृत गर्छौं भनिँदै छ । त्यसैले राजीनामा कृत्रिम देखिन्छ', साबिकको संस्थापनका एक नेताले भने । ती नेताका अनुसार सभापतिको नैतिकतालाई संरक्षण गर्नुको साटो कांग्रेस केन्द्रीय समितिले त्यसलाई अझ विवादित बनाएको छ ।

कांग्रेस बैठकमा बोल्ने शतप्रतिशतले सभापतिको राजीनामा अनुपयुक्त रहेको भन्दै अस्वीकार गर्नुपर्ने बताएका छन् । जारी बैठकले सभापति थापाको राजीनामा अस्वीकृत गर्ने आँकलन गर्न समस्या छैन । किनकि राजीनामा दिनेले केही बोलेको देखिँदैन, केवल कांग्रेसको रफ्फुमात्रै सुनिन्छ । उपसभापति विश्वप्रकाश शर्माले त राजीनामा मात्रै होइन पार्टीको हारबारे उठेका प्रश्नलाई समेत खारेज गरेका छन् ।

चुनावमा 'चुपचाप होइन, प्रश्न सोधौं' भनेर कांग्रेसले प्रचार गरेको थियो । निर्वाचन परिचालन समितिका संयोजकसमेत रहेका उपसभापति शर्माको प्रारम्भिक प्रतिवेदनमा भने विशेष महाधिवेशनपछिको नेतृत्वलाई गरिएको प्रश्न नै खारेज योग्य भएको उल्लेख छ । 'अहिले हामी हिसाब खोज्दैछौं- विशेष महाधिवेशनपछि बाँकी बचेको केवल ५० दिनमा परिणाम हाम्रो पक्षमा किन आएन ? यो प्रश्न सोझै खारेज योग्य छ', प्रतिवेदनमा उल्लेख छ ।

निसन्देह कांग्रेसका हारको एकल कारण गगन थापा होइनन् । उनले उपलब्ध सबै कारण देखाएर पदलाई निरन्तरता दिन चाहेको भए पनि कांग्रेसमा प्रतिवाद हुने स्थिति थिएन । राजनीतिमा नेतृत्वले आफूलाई कहाँ उभ्याउँछ भन्ने कुरा सधैं निर्णायक रहन्छ । गगन आफू आफ्ना बोलीहरूमा अडिन चाहेका छन् । नैतिक धरातलमा उभिन खोजेका छन् । कांग्रेसको जारी बैठक गगनलाई त्यसबाट धकेल्न खोजिरहेको देखिन्छ । कांग्रेसको वर्तमान केन्द्रीय समिति महाधिवेशनको प्रतिस्पर्धाबाट बनेको होइन । विशेष महाधिवेशन पक्षधरहरूको सहमतिबाट बनेको हो । केन्द्रीय समितिमा कोही प्रतिपक्षी छैन । जो छन् गगनका छन्, विश्वकै छन् । त्यसैले त्यहाँ समीक्षकभन्दा रफ्फुवाल धेरै छन् । तत्कालका लागि त रफ्फुवालले कुरा मिलाइहाल्छन् । दीर्घकालमा के हुन्छ ? गगन आफैले विचार गर्नुपर्छ । नियमित महाधिवेशन हुनै छ, पूर्ण कार्यकालका लागि नेतृत्व दाबी गर्नु छँदैछ । नदिनु राजीनामा दिइसकेपछि रफ्फु लाएर मिलाउने कि आफैले भनेझैँ पार्टी पुननिर्माणको नयाँ यात्रा थप ऊर्जाका साथ सुरु गर्ने ?

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# 'विकासको गतिलाई अघि बढाउने छु'



सङ्क्षिप्त चिनारी

नाम : प्रमोदकुमार महतो
जन्मस्थान : गौशाला नगरपालिका-५, महोत्तरी
निर्वाचित क्षेत्र : महोत्तरी निर्वाचन क्षेत्र नं. १
उमेर : ४० वर्ष
शिक्षा : एसएलसी उत्तीर्ण
राजनीतिक दल : राष्ट्रिय स्वतन्त्र पार्टी
प्राप्त मत : ३४ हजार ६३६

पारिवारिक राजनीतिक पृष्ठभूमिका ४० वर्षीय प्रमोदकुमार महतोले महोत्तरी-१ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट चुनाव जितेर इतिहास रच्नुभएको छ ।

अनुभवी नेताहरूलाई विस्थापित गर्दै महतोको यो विजयलाई महोत्तरीमा परिवर्तनको ठुलो सङ्केतका रूपमा हेरिएको छ । महतोले यस क्षेत्रका 'हेभिवेट' मानिने पूर्वमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का नेता गिरिराजमणि पोखरेललाई भारी मतान्तरले पराजित गर्दै संसद्को यात्रा तय गरेपछि अहिले उहाँ चर्चामा हुनुहुन्छ । नवनिर्वाचित सांसद महतोले ३४ हजार ६३६ मत प्राप्त गरी निर्वाचित हुनुभएको हो । उहाँले प्राप्त गरेको यो सङ्ख्या महोत्तरी जिल्लाका चार वटै निर्वाचन क्षेत्रमध्ये सबैभन्दा उच्च मत हो । उहाँले लगातार तीन पटक चुनाव जित्नुभएका पूर्वमन्त्री गिरिराजमणि पोखरेललाई २२ हजार १२ मतको फराकिलो अन्तरले पराजित गर्नुभएको छ ।

गौशाला नगरपालिका-५ निवासी महतोको राजनीतिक पृष्ठभूमि पारिवारिक विरासतसँग गाँसिएको छ । उहाँका हजुरबुवा केशवर महतो (माइजन साहेब) पञ्चायतकालमै बेलगाछी गाउँ पञ्चायतमा दुई पटक निर्वाचित र एक पटक निर्विरोध प्रधानपञ्च हुनुभएको थियो । यो विरासतलाई उहाँका बुवा शिवजी महतो र काका शिवनाथ महतोले पनि निरन्तरता दिनुभयो ।

बुवा शिवजीले संविधान सभाको पहिलो निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट चुनाव लड्नुभएको थियो । निर्वाचनलगत्तै उहाँले राप्रपा परित्याग गर्नुभएको थियो । काका शिवनाथ महतो २०७४ को स्थानीय तह निर्वाचनमा गौशाला नगरपालिकाको पहिलो नगरप्रमुख निर्वाचित हुनुभएको थियो । राजनीतिक पारिवारिक विरासतको प्रभावले सांसद महतोमा पनि प्रारम्भदेखि नै राजनीतिप्रति चासो बढेको थियो । यसअघि क्रसर व्यवसायीका रूपमा परिचित उहाँले २०७९ को निर्वाचनमा प्रदेश सभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी दिनुभएको थियो । त्यतिबेला 'लालटेन' चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्नुभएका उहाँले दुई हजार ४०५ मत प्राप्त गर्दै चौथो स्थानमा सीमित हुनुभएको थियो ।

यस पटकको सङ्घीय निर्वाचनमा भने उहाँले मतदाताको अभूतपूर्व साथ र विश्वास पाउनुभयो । भ्रष्टाचार र बेथितिको अन्त्य तथा रोजगारी सिर्जनालाई मुख्य मुद्दा बनाउनुभएका महतोले आफ्नो क्षेत्रका जल्दाबल्दा समस्या समाधान गर्ने सङ्कल्प लिएको बताउनुभयो । यस क्षेत्रका किसानका समस्या, कृषि बजारको व्यवस्थापन, अन्योल र अनिश्चयको सिकार बनेको बर्दीबास मेडिकल कलेज, उखुको उचित मूल्य, गुणात्मक शिक्षा जस्ता क्षेत्र नं. १ मा व्याप्त अनेकन समस्यालाई लयमा फर्काउने उहाँको अठोट छ ।

गोरखापत्रसँग कुराकानी गर्दै सांसद महतोले भन्नुभयो, "म काम गर्न आएको हुँ र काम गरेरै देखाउने छु । जनताले देखाएको विश्वासलाई खेर जान दिने छैन । क्षेत्रको विकासलाई अघि बढाउन म प्रतिबद्ध छु ।" उहाँले आफूले जनतासँग गरेका वाचा पूरा गर्न प्रतिबद्ध रहेको भन्दै यस क्षेत्रका समस्या समाधानका लागि आगामी दिनमा संसद्मा आफ्ना कुरा जोडदार रूपले उठाउने बताउनुभयो । जनताले परिवर्तनको पक्षमा मतदान गरेको भन्दै परिवर्तनका लागि सरकारले गर्ने हरेक काममा आफ्नो साथ सहयोग रहने उहाँले बताउनुभयो ।

# नेविसंघले गर्यो कांग्रेससँग सम्बन्धविच्छेद, भ्रातृसंस्थाका रुपमा नरहने निर्णय



**खबर दर्पण समाचारदाता**
**चैत्र ६ गते, बर्दिवास**

नेपाल विद्यार्थी संघले नेपाली कांग्रेसको भ्रातृ संस्थाका रुपमा नरहने निर्णय गरेको छ । नेविसंघको काठमाडौंमा सम्पन्न सिनेट बैठकले पार्टीको भ्रातृसंस्थाका रुपमा नभई विद्यार्थीहरुको हिताग्रही संस्थाका रुपमा रहने निर्णय गरेको हो । नेपाली कांग्रेसको सिद्धान्त र नीतिप्रति आस्था रहेपनि पार्टीको प्रत्यक्ष प्रभाव र प्रणालीभित्र नरहने गरी नेविसंघले कार्यगत स्वायत्ततासम्बन्धी प्रस्ताव पारित गरेको हो ।

नेविसंघ अध्यक्ष दुजाङ शेर्पाले नेविसंघको विधान अनुसार सिनेट बैठक महत्वपूर्ण नीतिगत र वैधानिक निर्णय गर्ने थलो हो । सिनेट बैठकको निर्णयले नेविसंघलाई स्वायत्त र स्वचालित संस्थाका रुपमा स्थापित गरेको उनले बताए । 'बदलिदो समय अनुसार विद्यार्थी आन्दोलनमा पनि सुधार जरुरी रहेको महसुस गरेकै थियो । सिनेट बैठकले नेविसंघमा संस्थागत सुधारको ढोका खुलेको छ । अब पार्टीप्रति सैद्धान्तिक समर्थन रहेपनि कार्यप्रणाली स्वायत्त बनाउने निर्णय गरेका छौं', अध्यक्ष शेर्पाले नेपाल प्रेससँग भने ।

उनले पार्टीको भ्रातृसंस्थाका रुपमा रहँदा विद्यार्थी संगठन र आन्दोलनप्रति नै प्रश्न उठ्न थालेको भन्दै लोकतान्त्रिक मूल्य मान्यताप्रति ऐक्यवद्ध रहँदै विद्यार्थीहरुको विवेकअनुसार चल्ने संस्थाका रुपमा नेविसंघलाई अगाडि बढाउन खोजिएको उनले बताए ।

साथै सिनेट बैठकले नेविसंघको आगामि बैशाख २० र २१ गते गर्ने निर्णय पनि गरेको छ ।


## जनकपुरधाम उपमहानगरपालिका

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




**सामाजिक सुरक्षा भत्ताको लागि तोकिएको समय मै नाम नवीकरण गरौं ।**

सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुर्‍याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी जानकारी

* नवीकरण अवधि: हरेक वर्षको साउन १ देखि भाद्र मसान्तसम्म।
* स्थान: सम्बन्धित वडा कार्यालय।

आवश्यक कागजातहरू:

* पुरानो सामाजिक सुरक्षा परिचयपत्र।
* नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
* हालै खिचिएको पासपोर्ट साइजको फोटो (आवश्यकता अनुसार)।

सामाजिक सुरक्षा भत्ताका मुख्य प्रकारहरू:

* जेष्ठ नागरिक भत्ता * एकल महिला/विधवा भत्ता * अपाङ्गता भएका व्यक्तिको भत्ता (पूर्ण/अति अशक्त)
* दलित बालबालिका भत्ता * लोपोन्मुख जाति भत्ता

सामान्य उद्देश्य:

* गरिबी न्यूनीकरण * सामाजिक संरक्षण * सम्मानजनक जीवनयापनमा सहयोग

**जनकपुरधाम उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश



## भूकम्पबाट जोगिन सचेत बनौं

❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

**भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

# बालेन प्रधानमन्त्री बन्ने चर्चा चुलिँदा निधि हर्षित



खबर दर्पण समाचारदाता

**चैत्र ६ गते, बर्दिवास**

नेपाली राजनीतिमा नयाँ तरंग ल्याउने दाबी गर्दै नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले बालेन साह प्रधानमन्त्री बन्ने सम्भावनालाई ऐतिहासिक राजनीतिक रुपान्तरणको रूपमा व्याख्या गरेका छन् ।

सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै निधिले बालेन साहको सम्भावित उदयलाई पुस्तान्तरण मात्र नभई देशको समग्र राजनीतिक संरचनामा देखिएको गहिरो परिवर्तनको रुपमा चित्रण गरेका हुन् ।

उनले पहिलोपटक मधेशी समुदायबाट प्रधानमन्त्री बन्ने सम्भावनाले समावेशिता र प्रतिनिधित्वको नयाँ अध्याय सुरु गर्न सक्ने बताएका छन् । निधिले आफू निर्वाचनमा पराजित भए पनि यस्तो परिवर्तनप्रति अत्यन्त हर्षित रहेको उल्लेख गर्दै बालेन साहलाई अग्रिम बधाईसमेत दिएका छन् । उनले देशभित्र मात्र नभई अन्तर ाष्ट्रिय समुदायले समेत यस परिवर्तनलाई गम्भीरतापूर्वक लिनुपर्ने धारणा राखेका छन् । उनको भनाइले नेपाली राजनीतिमा नयाँ नेतृत्व र वैकल्पिक शक्तिको उदयप्रति संकेत गरिएको छ ।

# मधेशमा हावाहुरीसहित वर्षा

खबर दर्पण समाचारदाता

**चैत्र ६ गते, बर्दिवास**

मधेश प्रदेशमा पनि शुक्रबार साँझ हावाहुरीसहित वर्षा भएको छ ।

दिउँसो ३ बजेसम्म सफा मौसम रहेको मधेशमा त्यसपछि भने एकाएक मौसम बदली भएर हावाहुरीसहित पानी परेको हो । मधेशको कतिपय ठाउँमा हावाहुरी, चट्याङसहित असिना पानी परेको स्थानीयले जानकारी दिएका छन् ।

महोत्तरीको औरही नगर पालिका-२, धर्वेन्द्र यादवले साँझ ६ बजेपछि हावाहुरीसहित असिना पानी परेको जानकारी दिनुभयो। जिल्लाको अन्य भेगमा भने ठुलो हावाहुरीसहित एक झर राम्रोसँग वर्षा भएको छ। हावाहुरीपछि शुक्रबार साँझदेखि मधेश प्रदेशका अधिकांश ग्रामीण भेगमा बिजुली अवरुद्ध हुँदा स्थानीय अन्धकारमा बस्न बाध्य भएका छन्। मुख्य बजार क्षेत्रमा बत्ती अनियमित भएको छ ।

हावाहुरीले विभिन्न स्थानमा बिजुलीको पोल तथा तारमा क्षति गर्दा मधेशमा बिजुली प्रभावित भएको हो । धनुषाको गणेशमान चारनाथ नगर पालिकाकी लक्ष्मी काफ्ले साँझ ५ बजेतिर झण्डै एक घण्टासम्म



निरन्तर हावाहुरी चलेर असिनासहित ठुलो पानी परेको जानकारी दिनुभयो ।

साँझ एक्कासी तीव्ररुपमा हावाहुरीसहित पानी पर्दा जनजीवन प्रभावित बन्यो । जनकपुरमा शिक्षण पेशा गर्ने धनुषाको मिथिला नगरपालिका बाहुनमाराका मनिष काफ्लेले जनकपुरक्षेत्रमा पनि हावाहुरीसहित पानी परेको बताउनुभयो ।

हावाहुरीले मधेशमा मकै, गहुँ, चिचिला लागेका आँप, लिचीलगायतमा क्षति गरेको छ । काँचो इँटामा पनि क्षति पुऱ्याएको इँटा व्यवसायी मेथुर चौधरीले बताउनुभयो ।

शुक्रबार साँझको हावाहुरीले पुगेको क्षतिको एकिन विवरण आउन सकेको छैन । शुक्रबार राति ८ बजेसम्म मधेशमा पानी छिट्याउने र मेघगर्जन भइरहेको छ ।

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।"
गौशाला नगरपालिका, महोत्तरी



सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना


सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,